# गौरीशंकर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सुरी, दोलखा
३ नं. प्रदेश, नेपाल

## शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**दोस्रो पटक प्रकाशित मिति :२०७५।१२।०१**

यस गौरीशंकर गाउँपालिकाको स्वीकृत कार्यक्रम बमोजिम यस कार्यालयबाट मिति २०७५/११/१४ मा प्रकाशित सूचना बमोजिम चालु आ.ब. २०७५/७६ मा तपसिलमा उल्लेखित निर्माण कार्यहरु गर्नुपर्ने भएकोले इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न शर्तको अधिनमा रही रितपुर्वकको शिलवन्दी दरभाउपत्र पेश गर्न आव्हान गरिएकोमा सार्वजनिक खरिद नियमावली २०६४ को दफा ८४ को ३(क) बमोजिम पेश हुनुपर्ने संख्यामा शिलबन्दी दरभाउपत्र कुनै पनि ठेक्का नं. मा दर्ता हुन नआएको हुँदा सोहि उपनियम बमोजिम यो सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

१. यो सूचना **दोस्रो पटक प्रकाशित** भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र नविकरण भएको ईजाजत पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, स्थाई लेखा (PAN) लिएको प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, आ.व.०७४/०७५ को कर चुत्ता प्रमाणपत्रहरुको प्रतिलिपिहरु संलग्न गरी रु.१०००।-(अक्षरुपी एक हजार मात्र) पछि फिर्ता नहुने गरी यस गाउँपालिकाको कार्यालय सुरी, दोलखाबाट दरभाउपत्र फारम खरिद गर्न सकिने छ ।
२. सिलबन्दी दरभाउपत्रका महलहरु स्पष्ट रुपमा भरी अधिकार प्राप्त व्यक्तिले सही, छाप गरी सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजेसम्म यस गाउँकार्यपालिकाको कार्यालय सुरी, दोलखाको नाममा सम्बोधन गरी कामको विवरण, दरभाउपत्र दाताको नाम, ठेगाना र फोन नं. स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहछाप गरी दर्ता गराउनुपर्ने छ ।
३. म्याद भित्र दर्ता भएका दरभाउपत्रहरु १६ औं दिनको २:०० बजे यस गौरीशंकर गाउँपालिकाको कार्यालय भित्र खोलिने छ । दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिमा समेत दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
४. दरभाउपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको लगतै भोलिपल्ट कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ ।
५. शिलबन्दी दरभाउपत्र फारम साथ जमानत बापत रकम हिमालयन बैंक लि.सुरी, दोलखामा रहेको गौरीशंकर गाउँपालिकाको धरौटी खाता नं.०५६०७६५०३९००१४ (बैंक कोड नं. ७०१ र कार्यालय कोर्ड नं. २२३६५२०) मा नगद जम्मा गरेको सकल भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी भएको दरभाउपत्र जमानतको सकल प्रति पेश गर्नुपर्ने छ । यस्तो जमानत दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट ७५ दिनको म्याद अवधि भएको हुनुपर्नेछ ।
६. शिलबन्दी दरभाउपत्र दस्तुर बापतको रकम हिमालयन बैंक लि.सुरी, दोलखामा रहेको गौरीशंकर गाउँपालिकाको राजस्व खाता नं.०५६०७६५०३९००१८ मा नगदी जम्मा गरेको सक्कलै भौचर पेश गुर्न पर्ने छ ।
७. दरभाउपत्र दाताले दरभाउपत्रमा दररेट उल्लेख गर्दा मूल्य अभिबृद्धि बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ । दरभाउपत्रमा प्रत्येक आइटमको दर अंक र अक्षर दुवै स्पष्ट लेखि अधिकार प्राप्त व्यक्तिले सहि, छाप गरेको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । केरमेट भएको स्थानमा दरभाउपत्र दाताको सहीछाप अनिवार्य रुपमा भएको हुनुपर्नेछ ।
८. कुनै शर्त राखी पेश गरेको सूचनाको शर्त विपरित भएको, उपलब्ध गराईएको दरभाउपत्र फारममा थपघट गरिएको, रित नपुगेको, म्याद नाघि पेश हुन आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।
९. नक्कली कागजात पेश गरी वा मिलेमतो गरी दरभाउपत्रमा भाग लिएको पाईएमा त्यस्ता दरभाउपत्र दाताको दरभाउपत्र रद्द गरी कालो सूचीमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।
१०. प्राप्त दरभाउपत्रहरु पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
११. दरभाउपत्रको खरिद कर्ताले सार्वजनिक खरिद कार्यमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबुझिएको सम्बन्धित पेशा व्यवसायमा कुनै सजाय नपाईएको साथै सार्वजनिक खरिद अनुगमन कार्यालयको कालो सूचिमा नपरेको भनी लिखित कबोल गरेको स्वघोषणा पत्र अनिवार्य रुपमा दरभाउपत्र साथ पेश गर्नुपर्ने छ ।
१२. दरभाउपत्र दाताले सम्बन्धित जोखिम प्रति स्वयम् उत्तरदायी भई निर्माण स्थल लगायत सम्पूर्ण पक्षको जानकारी लिईएको मानिनेछ ।
१३. यस सूचनामा उल्लेख भएकोमा सोहि बमोजिम र अन्य विषयको हकमा सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) तथा सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित ऐन नियम अनुसार हुनेछ ।
१४.दरभाउपत्र सम्बन्धि अन्य कुरा बुझ्नु परेमा यस कार्यालयको इमेल : gs.dolakha@gmail.com मा वा सम्पर्क नं. ९८८०५७३९५१/०४९६९१३४९ मा सम्पर्क गर्न सकिनेछ ।

**तपशील**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान (भ्याट रकम सहित) | जमानत बापतको रकम | दरभाउपत्र दस्तुर | दरभाउपत्र मान्य अवधि |
|---|---|---|---|---|---|---|
| 1. | GRM/SQB/Works/ DOLAKHA/01/075-76 | Ga.Pa. Toilet Construction Project | 1,427,241.69 | 36000.00 | Rs.1000.00 | 45 Days |
| 2. | GRM/SQB/Works/ DOLAKHA/02/075-76 | Culvert Construction Work Ghatte Khola | 1,533,271.17 | 39000.00 | Rs.1000.00 | 45 Days |
| 3. | GRM/SQB/Works/ DOLAKHA/03/075-76 | Culvert Construction Work Kelpate khola | 1,274,829.32 | 32000.00 | Rs.1000.00 | 45 Days |
| 4. | GRM/SQB/Works/ DOLAKHA/04/075-76 | Soling Work on the Way of Gaurishankar Rural Municipality (Kuikepu Dada) | 1,998,656.12 | 50000.00 | Rs.1000.00 | 45 Days |

**प्रमुख प्रशासकीय अधिकृत**